Generated by Foxit PDF Creator @ Foxit Software
http://www.foxitsoftware.com For evaluation only.

संघीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित

# मुलुकी

खबर

राष्ट्रिय दैनिक

माझखर्क साप्ताहिकको सह-प्रकाशन

■ बर्ष-१६, ▸▸ अंक ३१६ ▸▸ जेठ २२ शनिबार,२०७८, June – 5 Saturday,2021, यलेदुङ किरात सम्वत) ५०८१, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ ■ पृष्ठ -४ ▸▸ मूल्य रु. ५/- www.majhkharka.com

**आबश्यकता**

मुलुकी दैनिकलाई उदयपुर जिल्लाको सबै स्थानीय तहहरु चार नगरपालिकाहरु त्रियुगा, चौदण्डीगढी,बेलका, कटारी, चार गाउपालिकाहरु लिमचुङबुङ, रौता, उदयपुरगढी र ताप्ली गाउपालिकामा रहेर समाचार लेख्ने संवददाता आवश्यक परेको हुदा इच्छुकले सम्पर्क गर्नुहोला।

**सम्पर्क: ९८४२९८५१८८**

## सर्पले टोक्दा घाईते

❖ मुलुकी संवाददाता

*बेलका, जेठ २१*

जिल्लाको पूर्वी नगरपालिका बेलकाको अस्मिता राई सर्प दंश उपचार केन्द्रमा ७० बर्षे बृद्धको उपचार भईरहेको छ।

सप्तरीको सप्तकोशी नगरपालिका १ फत्तेपुरका ७० बर्षिय मानबहादुर खड्कालाई शुक्रबार सर्पले टोक्दा उनी घाइते भएका थिए। हाल मानबहादुर खड्काकोको उपचार पछि सामान्य अबस्था रहेको छ।

जिल्लाको पूर्वी तथा भित्री मधेस अर्न्तगत बेलका नगरपालिका, चौदण्डी नगरपालिका, त्रियुगा नगरपालिका, कटारी नगरपालिकामा सर्पको टोकाईबाट घाईतेहुनेहरु बढ्दै गएको छ। सर्पको टोकाईपछि समयमा नै उपचार हुँदा घाईतेलाई भने कुनै खतरा हुनेछैन।



**बिकास निर्माणमा खेलाची–** गाईघाट बजारको हिमाली टोल, बाङ्गो लाईनमा बनाईदै गरेको कालोपत्रे सडकको स्थिती। गुणस्तरबिहिन काम भईरहँदा स्थानीयहरुले खबरदारी गर्न जरुरी देखिएको छ। तस्बिर - बुद्धिकुमार राई

## ताप्लीमा आईसोलेसन कमी हुदा बिरामी घरमा

❖ बुद्धि कुमार राई

*ताप्ली, जेठ २१*

जिल्लाको उत्तर पश्चिमि पहाडी ताप्ली गाउपालिका ताप्लीमा आइसोलेसन कम हुँदा बिरामी घरकै होम आइसोलेसनमा बस्न बाध्य भएका छन।

ताप्लि गाउँपालिकाले बनाएको १० बेडको आइसोलेसन भन्दा कोरोना भाइरसबाट संक्रमित बिरामी बढि फेला परेपछि समस्या आएको हो। कोरोना भाईरसको लक्षण देखा परेकाहरु अहिले आईसोलेसन कमी हुँदा होम आइसोलेसनमा बस्न बाध्य भएको हो।

ताप्ली गाउँपालिकाका अध्यक्ष उद्बसिङ थापाका अनुसार शुक्रवारसम्ममा ताप्लीमा २८ जना संङ्क्रमित देखा परेको छ। संक्रमित मध्ये ९ जनालाई गाउँपालिकाले ताप्ली ५ रुपाटार कटहरेमा बनाएको आईसोलेसनमा राखेर उपचार गराईरहेको छ भने बाँकी १९ जना होम आइसोलेसनमा राखिएको छ।


ताप्ली गाउँपालिका अध्यक्ष थापा भन्छन् प्रयाप्त आईसोलेसन भए हामी कसैलाई घरमा राख्ने थिएनोउ। अहिले १० बेडको आईसोलेसन हामी सँग छ। त्यही राखेर उपचार गराईरहेका छौ। केही दिनमा नै ५ बेडको आईसोलेसन थप्ने गृहकार्य भईरहेको अध्यक्ष थापाले जानाकारी दिए।

सङ्क्रमीत २८ मध्ये वडा नम्बर ३ इनामेका १५ जना, वडा नम्बर ५ रुपाटारका ११ जना, वडा नम्बर ४ थानागाउँका १ जना संक्रमित रहेको गाउँपालिकाले जनाएको छ।

## अनेमसंघ उदयपुरले ज्ञापन पत्र बुझायो

❖ मुलुकी संबाददाता

*गाईघाट, जेठ २१*



अखिल नेपाल महिला संघ जिल्ला कमिटी, उदयपुर



अखिल नेपाल महिला संघ उदयपुरले राष्ट्रपति बिद्यादेबी भण्डारीप्रति भएको दुर्ब्यवहार प्रति ज्ञापनपत्र बुझाएको छ। शुक्रबार जिल्ला प्रशासन कार्यालय उदयपुरमा गएर अनेमसंघ उदयपुरले उदयपुरका प्रमुख जिल्ला अधिकारी तुलसीराम सेढाई मार्फत नेपाल सरकार गृहमन्त्रालय समक्ष ज्ञापनपत्र बुझाएको अनेमसंघ उदयपुरका अध्यक्ष महेश्वरी राईले बताईन।


अध्यक्ष राईका अनुसार पछिल्लो समय सम्मानीय राष्ट्रपति भण्डारीप्रति विभिन्न सामाजिक सञ्जालमा भईरहेको अपशब्द, होच्याउने, गालीगलौच जस्ता गतिविधिले राष्ट्रपति को गरिमामा आँच पुगेको र दुर्ब्यवहार भएको भन्दै यस्ता कार्य रोक्न आफुहरुले ज्ञापनपत्र बुझाएको बताईन।

उक्त ज्ञापनपत्रमा अनेमसंघका केन्द्रीय सचिबालय सदस्य तथा प्रदेश १ का सचिव मञ्जुकुमारी चौधरी, अनेमसंघ केन्द्रीय सचिबालय सदस्य तथा प्रदेश १ का माननीय सांसद अम्बिका थापा, अनेमसंघ केन्द्रीय सचिबालय सदस्य तथा उदयपुर इन्चार्ज गिता रेग्मी, अनेमसंघ केन्द्रीय सदस्य सिर्जना दनुवार र अनेमसंघ उदयपुर अध्यक्ष महेश्वरी राईले ज्ञापनपत्रमा हस्ताक्षर गरेकी छिन्। ज्ञापनपत्र बुझ्दै प्रमुख जिल्ला अधिकारी सेढाईले गृह मन्त्रालय पुग्ने गरी शुक्रबारनै तुरुन्तै ज्ञापनपत्र प्रधानमन्त्री कार्यालय पठाउने बताएको केन्द्रीय सदस्य सिर्जना दनुवारले बताईन।

## हार्दिक श्रद्धाञ्जली !

हाम्रा अभिभाबक, श्रीमान, बुबा, बाजे इन्द्रजित राईको उदयपुर जिल्ला रौतामाइ गाउँपालिका वडा नम्बर - ६ आपटार, (साबिक आपटार गाबिस १) मा बि .स. १९९६ सालमा जन्म भई २०७८ साल जेठ १५ गते शनिबार कोरोना भाईरसको कारण असामायिक निधन भएको हुँदा उहाँ प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौ।

जन्म
बि.स. - १९९६



निधन -
बि.स. - २०७८ जेठ १५ गते शनिबार

स्वर्गीय - इन्द्रजित राई

श्रीमति – तुलसी राई

छोरा/बुहारी – लिलबहादुर राई/मोहनसरि राई, बसन्त कुमार राई/ तिर्था राई

नाती/नातिनी बुहारि– भरत राई/रुपालक्ष्मी राई, रबिन्द्र राई/अनु राई, मनोज राई/बोल्जी राई, सन्दिप राई,

नातिनी – समिता राई,

पनातिनी – किस्मिता राई, सुस्मिता राई, नायिमा राई,

पनाति – प्रणय राई

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



## सम्पादकिय

### गाईघाट बजारलाई खेलाची नबनाउ

उदयपुर जिल्लाको सदरमुकाम गाईघाटको सुन्दर नगर त्रियुगा नगरपालिकाको सडकहरु हेर्ने हो भने मानौ यहाँ अहिले कसैले देखेको छैन जस्तो लाग्छ । यतिका बर्षसम्म गाईघाट बजारको सडकहरु को गति हेर्ने हो भने लाग्छ यो बजार नभएर कुनै विकट ठाउँ जस्तो लाग्छ । आर्थिक वर्ष २०७७/७८ को मसान्ततिर आउँदा जेठ २१ गते शुक्रबारदेखि गाईघाट बजारको सडकहरु कोर्तान थालिएको छ ।

त्रियुगा नगरपालिका यस्तो नगरपालिका हो जहाँ उदयपुर जिल्लाको सबै भन्दा धेरै आयस्रोत भएको नगरपालिका हो । बजारको सडक, नाली, फुटफाट हेर्ने हो भने यहाँ कोही छैन, कसैले केही गर्न सक्दैन जस्तो लाग्छ । नगरपालिकाको वडा नम्बर ११ गाईघाटका वडाध्यक्ष र नगरपालिकाको मेयर ले के चाही काम गरे भनुन । सडक को त्यस्तै बिजोग छ । सडकको सडक सोलार आधा भन्दा बढि बत्तीहरु बल्दैन । बजारको आसपासमा फोहोरहरु सडकभरी छ। पैदलयात्रीहरु हिन्ने सडकमा तरकारी बेच्नेको लस्कर छ । नालीहरु दुलो नै दुलो छ । बजार अस्तब्यस्त छ । के चाही गर्यो वडा र नगरले त्रियुगा नगरपालिकामा । गाईघाट बजारमा अहिले हुँदै गरेको कालोपत्रे सडक आँखामा छारो हाल्ने काम मात्र भएको छ। बजारको हिमाली टोल बाङ्गे लाईनमा बनाउँदै गरेको कालोपत्रे, लोकतान्त्रिक पिपलचोकदेखि शिबालय टोल ढिम्की मन्दिर जाने सडक मा सबै काम गुणस्तरबिहिन र नगरबासीलाई आँखा छल्ने काम भएको छ। हामी स्थानीय नगरबासीले आफ्नो घर अगाडी बनिरहेको सडकको गुणस्तरमा खबरदारी गर्नु पर्दछ ।

नगरपालिकाले आफ्नो कार्यकाल पुरा हुन लाग्दै गर्दा बजार क्षेत्रको सडक काम गरिस गरे भने जस्तो मात्र गर्दैछ । यदि नगरपालिका सँग बजेट नभए अहिलेको लागि ति सडकहरु नबनाई त्यतिकै काम थाति रहोस कुनै काम गर्नु पर्दैन या काम बाँकी राखेर बजेट प्रयाप्त भएपछि पुन बनाइनुपर्छ । होइन भने बिकासको नाममा बजेट सकेर नगरबासीलाई आँखा छल्न पाईन्न। होशियार नगरबासी यो सडकमा भईरहेको बजेट हामीले तिरेको करबाट काम हुँदैछ । बिकासको नाममा नगरपालिकाले ठेकेदारहरुलाई काम दिएर नगरबासीलाई आँखामा छारो हालेर ठेकेदारले बाक्लो दाम गोजी भर्न पाईन्न ।

## लागुऔषध विक्री वितरण गर्ने औषधि व्यावसायि संघका महसचिवको पसल सिल

❖ मुलकी संवाददाता

*उदयपुर, जेठ २१*

उदयपुरका औषधि व्यवसायिबाटै लागुऔषध विक्री वितरण हुने गरेको तथ्य खुलेको छ । बिहीबार औषधि व्यवस्था विभाग बिराटनगरको टोलीले जिल्लाको पुर्वि क्षेत्र चौदण्डिगढी र बेलका नगरपालिकाका औषधि पसलमा छड्के चेकगर्दा यस्तो तथ्य फेला परेको हो ।



चेकजाँचमा नेपाल औषधि व्यवसायि संघका उदयपुर का महासचिब विरेन्द्रकुमार झाले सञ्चालन गरेको फार्मेसीबाट लागुऔषधसँग सम्बन्धि विभिन्न औषधिहरु मिसाएर सेवनकर्तालाई विक्रीवितरण गरेको फेला परेको विभागका प्रमुख संजिव कटेलले जानकारी दिए ।

चौदण्डिगढी नगर पालिका ९ स्थित गोपिकृष्ण मेडिकल सञ्चाल गर्दै आएका झाले ट्रूमाडोल, डिसाइक्लोमिन र प्रेगावालिन औषधि मिसाएर लागुऔषध बनाउने र सेवनकर्तालाई विक्रीवितरण गर्ने गरेको फेलापरेको उनले बताए ।

यसरी बनाएको औषधि सेवन गर्दा लामो समयसम्म नसा दिने, झुम झुम भईरहने, एकोहोरिने जस्ता लक्षण देखिने कटेलले बताए ।

उनले भने, 'विभिन्न थरीका औषधि मिसाएर लागुऔषध बनाई बिद्यालय क्याम्पस पढ्दै गएका १५/१६ बर्ष उमेरका किशोरलाई विक्री गरेको भन्नै उजुरी परेकाले छड्के चेकजाँच गर्दा पुष्टि भएको हो ।रु झालाई एक बर्षअघि पनि विभागले यहीँ घटनामा पक्राउ गरी २५ दिन कार्वाही गरी छाडेको थियो ।

पुन: दोहोरिएकाले औषधि ऐन २०३५ अनुसार थप हदैसम्मको कार्वाही गरिने प्रमुख कटेलले बताए । टोलीले उनको फार्मेसी सिल गरी पाँच दिन भित्र विभागमा हाजिर हुने गरी पत्राचार गरेकोछ ।

टोलीले बिहीबार नै विना इजाजत, तोकिएको जनशक्ति वेगर र मापदण्ड विपरित सञ्चालन गरिएका थप पाँच वटा औषधि पसलमा सिल गरेको छ । डेढ दर्जन औषधि पसलमा गरिएको चेकमा ६ वटामा सिल गरिएको उनले बताए ।

त्यसक्रममा टोलीलाई देखेपछि पसल बन्द गरी फरार भएका तीन वटालाई प्रहरीमार्फत पत्र काटिएको कटेलले बताए । टोलीले तोकिएको जनशक्ति विना र नविकरण नगरी सञ्चालन गरिएको बेलका नगरपालिका ४ संजिवनी मेडिकल, सोही ठाउँमा विना दर्ता सञ्चालित यादव मेडिकल, ठाउसारी र जनशक्ति वेगर सञ्चालित सोही ठाउँको वारहा क्षेत्र फार्मेसीलाई सिल गरिएको छ ।

त्यसैगरी रामपुर सामुदायिक अस्पताल नजिक रमानन्द यादवले दर्ता नगरी सञ्चालन गरेको नाम वेगरको औषधि पसल र सप्तरीको सप्तकोसी नगरपालिका फत्तेपुर स्थित अनुकुल औषधि पसलसमेत सिल गरिएको छ ।

जनशक्ति नभएको र एलोपेथिकको अनुमति लिएर आयुर्वेदिकलाई प्राथामिकता दिइ धेरै औषधि विक्री गरेको फेला परेपछि अनुकुललाई सिल गरिएको उनले बताए । चेकजाँचलाई थप प्रभावकारी बनाउँदै अन्य ठाउँमा पुगिने उनले बताए ।

स्थानीय प्रशासनको कमजोरीको कारण जिम्वेवार नेटवर्कको महासचिबबाट गरिएको गैरजिम्वेवारी कार्यलाई कुनै पनि हालतमा क्षमा दिन नसकिने स्थानीय जीवन मगरले बताए ।






# निशेधाज्ञा उदयपुरमा जेठ २८ सम्म,बैंकहरु आंशिक खुल्ने

❖ मुलुकी संबाददाता




उदयपुर, जेठ २१

उदयपुरमा तेस्रो पटक निशाधाज्ञा बढाउँदै आउँदो २८ गतेसम्म लम्ब्याइएको छ। जिल्लामा संक्रमित दर मृत्यु हुने क्रम नरोकिएपछि जिल्ला कोविड शंकट व्यवस्थापन केन्द्र (डिसिसिएमसी) उदयपुरले थप एकसातालाई निशेधाज्ञा थप्ने निर्णय गरेको हो ।

सुरुमा वैशाख २५ गतेदेखि ३१ सम्म लागू गरिएको निशेधाज्ञा बढाइएको यो चौथो पटक हो । लगातार निशेधाज्ञा लागू भए पनि संक्रमण र मृत्यु हुने क्रम नरोकिएपछि चौथो सातासम्म बढाइएको डिसिसिएमसी अध्यक्ष तथा प्रमुख जिल्ला अधिकारी तुलसीरम सेंढाईले बताए ।

निशेधाज्ञा थपिए पनि बैंक तथा बित्तीय संस्थाहरु पनि आंशिक रुपमा खुल्ने भएका छन्। संक्रमण बढाउने माध्याम मानव चलखेल अत्याधिक भएको पाइएपछि पछिल्लो १५ दिनयता बैंकहरु पूर्णरुपमा बन्द गरिएका छन् । बिहीबारको डिसिसिएमसी बैठकले बैंक तथा बित्तीय संस्थाहरु आईतबार, मंगलबार र बिहीबार गरी सातामा ३ दिन आंशिक समय खोल्ने निर्णय गरेको हो ।

मानव चलखेल बढेकै कारण संक्रमण तिब्रगतिमा फैलिएको निश्कर्ष निकाल्दै डिसिसिएमसीले जेठ ७ गतेदेखि बैंकहरु बन्द गरेको थियो। बैंकहरु लगातार २ सातासम्म बन्द गर्नाले दैनन्दिन जनजीवनमा असर परेपछि आंशिक खोल्ने निर्ण भएको सिडिओ सेंढाईले बताए।

बिहीबारसम्म उदयपुरमा ४ सय ८० महिलासहित १ हजार ६४ सक्रिय संक्रमित रहेका छन्। निको हुनेको संख्या १ सय ११ महिलासहित २ सय ६३ छ । कोविडका कारण शुक्रबार विहान चौदण्डीगढी नगरपालिका ६ का ४७ वर्षीय १ पुरुषको ज्यान गएको छ ।

बेलटारस्थित उदयपुर कोविड अस्पतालमा उपचाररत उनलाई केहीदिनअघि रिफर गरेपछि विराट मेडिकल कलेज बिराटनगर भर्ना गरिएको थियो ।

भेन्टिलेटरमा उपचारत उनको शुक्रबार विहान मृत्यु भएको चौदण्डीगढी ६ का वडाध्यक्ष कमल राईले बताए । वडाध्यक्ष राईका अनुसार शुक्रबार सहित चौदण्डीगढीमा कोविडले मृतकको संख्या २ महिलासहित ७ जना पुगेको छ ।









Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



# भोर्लेनीमा आधा किलोमिटर सडक बन्यो

❖ मुलुकी संवाददाता

*चौदण्डी, जेठ २१*

उदयपुरको चौदण्डीगढी नगरपालिकाको वडा नम्बर ३ बसाहा भोर्लेनीमा आधा किलोमिटर सडक निर्माण पुरा भएको छ।



चौदण्डीगढी नगर पालिकाको भोर्लेनी बजारलाई रिङरोड बनाउने योजना अर्न्तगत भोर्लेनी बुधबारे बजारदेखिमा सडक बनेको हो। पाँच सय २० मिटर सडक निर्माणको लागि ३ नम्बर वडा कार्यालयको २ लाख सहयोग अनुदानमा सडकनिर्माण भएको सडक निर्माण उपभोक्ता समितिका अध्यक्ष रुबिन राईले बताए। वडा कार्यालयले सडक निर्माणको लागि ३ वटा होमपाइप समेत दिएको थियो। सडक १८ फिट चौडाइको रहेको छ। ५ सय २० मिटर सडक ग्राबेलसहित निर्माण भएपछि स्थानीय खुशी भएका छन्।

# जागीर उदयपुरमा मानिस मोरङमा

❖ मुलुकी संवाददाता

*लिमचुङबुङ, बाराहा, जेठ २१*

उदयपुरको लिमचुङबुङ गाउँपालिकाको इलाका प्रहरी कार्यालयमा कार्यरत प्रहरी नायव निरिक्षक खमेश्वर खतिवडा कार्यालय नगएको ६ महिना भयो। उनको नियुक्ति इलाका प्रहरी कार्यालय लिमचुङबुङ बाराहामा हो। तर उनी भने अहिलेसम्म काजमा इलाका प्रहरी कार्यालय हरैचा मोरङमा काम गरी रहेका छन्।

कार्यालय प्रमुख नहुँदा प्रहरी सहायक निरिक्षक पशुपति चौधरीले कार्यालय सम्हाल्दै आएको बताए।


## स्थानीय उत्पादन उपयोग गरौं,
## रौता साबुन नै प्रयोग गरौ !



हामी सबैको
रोजाइ रौता साबुन

ड्राईभर चाहियो।









त्रिनपा – ११ गाईघाट, उदयपुर, असारीरोड,
लालिगुराक बोडिङदेखि पुर्व पटी मन्दिर अगाडी।
प्रोपाइटरः–**थमान चामलिङ राई**
सम्पर्कः– ९८४२९७५८७७, ९८१९७३८६८३
*यहा अण्डा डिलर होलसेल तथा खुद्रा मुल्यमा बिक्रि गरिन्छ। पानी, थुक्पा, सस, स्वदेशी तथा विदेशी रक्सीहरु तथा विभिन्न ब्राण्डका पेय पदार्थहरु, खुद्रा तथा होलसेल मुल्यमा पाईन्छ।*



## पाण्डे श्री सप्लायर्स & ट्रेडर्स

त्रिनपा – ११ गाईघाट, उदयपुर, असारीरोड, लालिगुराक बोडिङदेखि पुर्व काका होटलसंगै जोडिएको।
प्रोपाइटरः–**बिनोदकुमार पाण्डे**
सम्पर्कः– ९८५२८३०५८२
*यहा स्वदेशी तथा विदेशी रक्सीहरु तथा विभिन्न ब्राण्डका पेय पदार्थहरु होलसेल मुल्यमा पाईन्छ।*


माझखर्क साप्ताहिकको सह-प्रकाशन..
मुलुकी दैनिक

प्रकाशक : महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई (बुद्धि चामलिङ राई)
प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लाहकार : अधिवक्ता कृष्ण बस्नेत,
कार्यालय– त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नमबर १, फोनः– ०३५-४२०३९४/९८५२८३५८८८
Email: mulukinews@gmail.com/rodung@gmail.com
wesite: www.majhkharka.com
मुद्रण :लक्ष्मी अफसेटप्रेस, गाईघाट